# अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
# टङ्गाल, काठमाडौं

मिति: २०८३।०४।२७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला सर्लाही, मलंगवा नगरपालिकास्थित श्रीमती कृष्णादेवी जनता माध्यामिक विद्यालयमा कार्यरत शिक्षकको वि.सं.२०७९ सालको हाजिरी सम्बन्धमा परेको मुद्दालाई ढाकछोप गर्न सोही विद्यालयका तत्कालीन प्रधानाध्यापकले बिरामी भई गयल रहेको अवधिको रकम छुट हुन गएको भनी एकमुष्ट रकम माग गरी बाँडफाँड गरेको तथा विदाको अभिलेख नै परिवर्तन गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा श्रीमती कृष्णादेवी जनता माध्यामिक विद्यालयका तत्कालीन प्रधानाध्यापक विन्देश्वर यादव र शिक्षक प्रियंका कुमारी सिंहले एक आपसमा मिलोमतो गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी, हिनामिना एवं दुरूपयोग गर्ने बदनियतले शिक्षक प्रियंका कुमारी सिंह आफू विद्यालयमा अनुपस्थित हुनुपर्ने मनासिव कारणसहित कुनै औपचारिक सूचना तथा निवेदन पेस नगरी मिति २०७९ सालको बैशाख महिनादेखि कार्तिक महिनाको १८ गतेसम्म विद्यालयमा अनुपस्थित रहेको अवस्थामा बिद्यालयका प्रधानाध्यापक विन्देश्वर यादवले शिक्षा ऐनमा भएको व्यवस्था विपरीत विदा स्वीकृत नगराई लामो समयसम्म विद्यालयमा अनुपस्थित रहेका शिक्षकलाई पदबाट हटाउनेतर्फ कारवाही गर्नुपर्नेमा सोतर्फ कदम नचाली निज शिक्षकलाई नहटाई हाजिरी रजिष्टर खाली राखी विद्यालयमा अनुपस्थित भएको अवधिको हाजिरी तथा विदाको अभिलेखसमेत अद्यावधिक नगरी लामो समय पश्चात विद्यालयमा उपस्थित भएपछि एकमुष्ठ हाजिर गर्न लगाई उक्त हाजिरी गरेपश्चात उक्त हाजिरीमा निज विन्देश्वर यादवले टिपेक्स लगाई पुन: टिपेक्स लगाएको हाजिरमासमेत पुन: हाजिर गराई उक्त हाजिर नभएको अवधिकोसमेत हाजिरी विवरण मलंगवा नगरपालिकामा पेस गरी निज शिक्षकको छुट तलब निकासा माग गरी रू.२,९०,४३४/- (दुई लाख नब्बे हजार चार सय चौतीस रूपैयाँ) निकासा भएकोमा निज प्रियंका कुमारी सिंह अनुपस्थित भएको अवधि श्रावणदेखि कार्तिकसम्म जम्मा रू.२,४०,९१४/४० र २०७९ सालको बैशाख, जेष्ठ र असार महिनाको जम्मा रू.१,३०,१२१/७० गरी जम्मा **रू.३,७१,०३६/१० (तीन लाख एकहत्तर हजार छत्तीस रूपैयाँ दश पैसा)** विद्यालयमा अनुपस्थित भएको शिक्षकको नाममा गैरकानुनी रूपमा निकासा लिई भुक्तानी दिए/लिएको देखिँदा निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १७ बमोजिमको कसुर भएको हुँदा यसरी सरकारी कागजात सच्चाई सरकारी रकम हिनामिना हानिनोक्सानी एवं दुरूपयोग गर्ने कार्यमा संलग्न निज प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्र.स | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | श्रीमती कृष्णादेवी जनता माध्यामिक विद्यालयका तत्कालीन प्रधानाध्यापक **विन्देश्वर यादव** | रू.३,७१,०३६/१० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो तीन लाख एकहत्तर हजार छत्तीस रुपैयाँ दश पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा |

| | | | |
|---|---|---|---|
| | | | (१) को खण्ड (ग) बमोजिम कैद र जरिवाना सजाय गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |
| २. | श्रीमती कृष्णादेवी जनता माध्यामिक विद्यालयका तत्कालीन प्राथमिक द्वितीय श्रेणीका शिक्षक **प्रियंका कुमारी सिंह** | रु.३,७१,०३६/१० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम बिगो तीन लाख एकहत्तर हजार छत्तीस रुपैयाँ दश पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम कैद र जरिवाना सजाय गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने